बर्दघाट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/८४

च.नं.:

मिति - २०८३/०७/१२

प्राकृतिक फूलको प्रयोग गर्न अनुरोध गरिएको सम्बन्धी सूचना ।

नेपालीहरुका महान पर्व शुभ दिपावली (तिहार), नेपाल सम्बत तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै प्लाष्टिकजन्य फूलको प्रयोग र विसर्जनबाट वातावरण, पर्यावरण तथा मानब स्वास्थ्यमा पर्ने नकारात्मक असर न्युनीकरण गर्न चाडपर्वको अवसरमा घर, कार्यालय, मठमन्दिर तथा विभिन्न स्थानको सजावटमा प्राकृतिक फूलको प्रयोगलाई प्रोत्साहन गर्न अनुरोध छ।

तिहारमा विशेषगरी सयपत्री, मखमली लगायत स्थानीयस्तरमा उत्पादित प्राकृतिक फूलहरुको प्रयोगले वातावरण संरक्षण, स्थानीय उत्पादनको प्रवर्धन तथा कृषकहरुको आयआर्जनमा सहयोग पुग्नुको साथै नेपाली मौलिक संस्कृति र परम्पराको संरक्षणमा समेत टेवा पुग्ने विश्वास लिईएको छ ।

तसर्थ, यस तिहारमा प्लास्टिकजन्य कृत्रिम फूल तथा सजावटका सामग्रीको प्रयोग निरुत्साहित गर्दै प्राकृतिक फूलको प्रयोग गर्न, स्थानीय कृषकद्धारा उत्पादित फूललाई प्राथमिकता दिन सम्पुर्ण नगरवासी, व्यवसायी, सँघसँस्था, सरकारी तथा गैरसरकारी कार्यालयहरुमा हार्दिक अनुरोध गरिन्छ ।

१२/०७/२०८३

शम्भुलाल श्रेष्ठ

(नगर प्रमुख)

शम्भुलाल श्रेष्ठ
नगर प्रमुख